# श्री हसनापुर माध्यमिक विद्यालय, हसनापुर

गैडहवा–८,रुपन्देही

## विद्यालयको जग्गा ठेक्का सम्बन्धि १५ दिने शिलबन्दी दर भाउ पत्र अव्हानको सूचना ।

### (दोस्रो पटक प्रकाशित) मिति २०८१।०३।२४

प्रस्तुत विषयमा यस विद्यालयको भोगचलनमा रहेको जग्गा उत्तर भाठा कित्ता नं.१० को अनुमानित जग्गा विगहा १०-०-० समयअवधी १० (दश) वर्षे ठेक्का पट्टा गर्नका लागी मिति २०८१।०३।२३ गते बसेको विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ समिति, लेखा समिति, सल्लाहकार समितिको वृहत छलफलवाट तपशिलको शर्त भित्र रहि जग्गाको न्यूनतम वार्षिक मूल्य रु २,१०,०००। (अक्षरेपी दुई लाख दश हजार) राखी सूचना प्रकाशन भएको मिति २०८१।०३।२४ गते देखि मिति २०८१।०४।०७ गते २:०० वजे भित्र इच्छुक व्यवसायी ,फर्म वा व्यक्तिद्धारा तोकिएको न्यूनतम मूल्यमा नघटाई तपशिलको शर्तमा उल्लेख गरिएको धरौटी रकमको भौचर सहित गोप्य खाम वन्दी गरी विद्यालय प्रशासनमा दर्ता गराउनका लागी सम्बन्धित सबैमा जानकारी सहित सूचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरु</u>

१. यस पछि विद्यालय भनेको प्रथम पक्ष र ठेक्का लिने व्यक्ति/फर्म दोस्रो पक्ष मानिने छन् ।

२. ठेक्का अवधी १० (दश) वर्षको हुनेछ । ठेक्का अवधीको म्याद समाप्त हुनु अगावै दोस्रो पक्षको प्रस्तावमा दिर्घकालीन कृषि परियोजना , उद्योग , पशुपालन , फलफुल , वेमौसमी तरकारी खेती जस्ता मध्यकालीन, दिर्घकालीन योजना उल्लेख गरेमा विद्यालय व्यवस्थापन समिति र दोस्रो पक्ष भनिने ठेकेदार/ फर्म दुवैको सहमतिमा किस्ता रकममा पुर्नविचार गरी एकपटकको म्याद थप गर्न सकिनेछ तर यसरी थप हुने म्याद बढीमा १० वर्षको हुने छ ।

३. प्रथम पक्षको नाममा दर्ता रहेको जग्गाको वार्षिक रु २,१०,०००। अक्षरेपी दुई लाख दश हजार मा नघटाइकन दोस्रो पक्षले ठेक्का लिनका लागी अधिकतम मूल्य राखी गोप्य खामवन्दीमा विद्यालय समयमा निवेदन दर्ता गराउनुपर्नेछ तर यसरी दर्ता हुन आउने निवेदनमा निवेदकले विद्यालयको तर्फवाट तोकिएको वार्षिक कुल किस्ताको ५% हुन आउने रकम १,०५,०००। (एक लाख पाँच हजार ) विद्यालयको खातामा धरौती वापत जम्मा गरी निवेदन साथ भौचरको प्रतिलिपी समेत बुझाउनुपर्नेछ ।

४. प्रथम पक्षले करारनामामा उल्लेखित जग्गा द्धितीय पक्षलाई उपलब्ध गराउँदा विद्यालयको भोगचलनमा रहेको करिव १० विगहा जग्गा कम वा बेसी ( थोरै वा धेरै ) भएका किस्ता रकमा कुनै समायोजन हुने छैन ।

५. करारनामामा उल्लेखित सम्झौता अनुसार विद्यालयको भोगचलनमा रहेको जग्गामा अन्य कोही कसैले कुनै किसिमको विवाद श्रृजना गरेमा उक्त विवादको समाधान गर्ने दायित्व विद्यालयको हुने (प्रथम पक्ष) छ तर विद्यालयवाट समाधान नभएमा स्थानीय सरकारको सहयोग समेत लिइने छ भने आवश्यक परे अन्य निकाय संग समेत समन्वय गरी समस्या समाधान गर्ने दायित्व विद्यालयको हुनेछ ।

६. ठेक्का सदर भएको फर्म वा व्यक्तिले पहिलो किस्ता अग्रिम किस्ताको रुपमा ठेक्का सदर भएको एक महिना भित्र विद्यालयलाई बुझाई इजाजत पत्र (पट्टा) लिईसक्नु पर्नेछ अन्यथा धरौटी जफत गरी दोस्रो दरभाउ स्वीकृत गर्न सकिने

छ र प्रत्येक वर्षको चैत्र मसान्तमा अग्रीम किस्ता रकम भूक्तानी गर्नुपर्ने छ भने प्रत्येक वर्षमा ५% का दरले किस्ता रकममा वृद्धि हुने गरी दोस्रो पक्षले प्रथम पक्षलाई किस्ता रकम बुझाउनुपर्नेछ ।

७. ठेक्का सदर हुंदा वखत एक महिना भित्र वुझाएको किस्ता रकम र धरौटी वापतको रकम म्याद समाप्त हुने अन्तिम किस्तामा मिलान हुनेछ ।

८. निवेदक नेपाली नागरिक हुनुपर्नेछ र निवेदन पेश गर्दा तीनपुस्ते विवरण खुल्ने गरी नेपाली नागरिकताको प्रतिलिपी सहित रु १०००। अक्षरेपी एक हजार रुपैयां निवेदन वापत आर्थिक सहयोग विद्यालयमा जम्मा गरी निवेदकले विद्यालयवाट जग्गा ठेक्काको ढाँचा फाराम लिनुपर्नेछ र त्यसरी जम्मा गरेको रकम कुनै पनि निवेदकको फिर्ता हुने छैन ।

९. अनुदानको रुपमा कुनै निकायवाट रु पचास लाख वा सो भन्दा बढी रकमको अनुदान दोस्रो पक्षले प्राप्त गरेमा उक्त अनुदान रकमको २% (दुई) प्रतिशत रकम विद्यालयलाई सहयोग स्वरुप बुझाउनुपर्नेछ तर अनुदान प्राप्त गर्नका लागी आवश्यक सहयोग प्रथम पक्षले द्धितीय पक्षलाई गर्नुपर्नेछ ।

१०. ठेक्कामा दिइने जग्गाको मालपोत, तिरो तिर्ने, जम्मा गर्ने दायित्व विद्यालयको(प्रथम पक्ष) हुनेछ ।

११. दोस्रो पक्षले कुनै पनि भौतिक संरचना निर्माण गर्न सक्ने छ तर विद्यालयको जग्गालाई दिर्घकालिन असर नपर्ने हुनुपर्नेछ ।

१२. दोस्रो पक्षले निर्माण गरेको कुनै पनि स्थायी वा अस्थायी जुनसुकै प्रकृतीको संरचना निर्माण गरेको खण्डमा दोस्रो पक्षको ठेक्का अवधी , म्याद समाप्त भएको ४५ दिन भित्र लैजान सक्ने छ । तर नलगेमा उक्त वस्तु वा संरचनाहरु वापत प्रथम पक्ष ले दोस्रो पक्षलाई कुनै किसिमको रकम वा किस्ता मिनाहा वा सहुलियत छुट दिने छैन र दावी समेत गर्न पाइने छैन र उक्त संरचनाहरु स्वत : विद्यालयको हुनेछ ।

१३. ठेक्का भएको जग्गाको म्याद थप भएमा उक्त जग्गामा निर्माण गरिएका सम्पूर्ण भौतिक अस्थायी/ स्थायी संरचनाहरु म्याद समाप्त भए पश्चात विद्यालयको हुनेछ ।

१४. दोस्रो पक्षले आफ्नो इच्छाले खुशी राजी ठेक्का अवधी भित्र ठेक्का छोडन चाहेमा वा छोडेमा धरौटी रकम र अग्रीम किस्ता रकम जफत हुनेछ तर ठेक्का अवधी पुरा गरेमा अन्तिम किस्ता उक्त रकम मिलान गरिनेछ ।

१५. दोस्रो पक्षले गरेको हरेक गतिविधिको प्रगति विवरण आर्थिक वर्षको अन्तमा एक महिना भित्र विद्यालय व्यवस्थापन समितिमा जानकारी गराई प्रगति विवरणको लिखित कागजात प्रमाणित गराई आफुसंग सुरक्षित साथ राख्नु पर्नेछ ।

१६. ठेक्काको किस्ता रकम समयभित्र भुक्तानि नगरेमा भाका नघाएमा त्यस्तो क्रियाकलापको रेकर्ड राखिने छ र भाका नाघेको मितिले एक महिना भित्र किस्ता रकम नबुझाएमा प्रति महिना किस्ता रकमको ५ प्रतिशत हर्जाना रकम बुझाउनु पर्नेछ तर ३ महिना सम्म किस्ता भुक्तान नगरेमा सम्झौता वदर हुने छ र धरौटी रकम र अग्रिम किस्ता जफत गरी विद्यालयले दोस्रो पक्षलाई दिएको जग्गा आफ्नो कब्जामा लिनेछ ।

१७. विद्यालयको जग्गामा रहेको माटो , गिटी , वालुवा वेचविखन गर्न वा विद्यालय जग्गा भन्दा वाहिर अन्यत्र लैजान विक्रि गर्न पाइने छैन ।

१८. प्रथम पक्षले समय समयमा आफ्नो विद्यार्थीहरुको द्धितीय पक्षले संचालन गरेका कृषि विषयक परियोजनाहरुको अवलोकन भ्रमण गराउन सक्ने छ ।

१९. द्धितीय पक्ष द्वारा संचालित परियोजनाहरुमा अन्य कोहि कसैवाट हानी नोक्सानी, क्षती भएमा उक्त हानीनोक्सानी गर्ने पक्ष पत्तालगाई निजवाट क्षतिपूर्ती ( असुल उपर ) उपलब्ध गर्ने गराउने कार्यमा दोस्रो पक्षलाई प्रथम पक्षले सहयोग गर्नेछ तर त्यसरी भएको हानीनोक्सानीको क्षतीपूर्ती प्रथम पक्षले व्यहोर्नु पर्ने छैन ।

२०. यो करारनामाको अवधि सम्म नयाँ वन्ने विद्यालय व्यवस्थापन समितिले चाँहदैमा द्धितीय पक्षको इच्छाविगर यो सम्झौता पत्र वदर गर्न पाउने छैन ।

२१. दोस्रो पक्षले नाफा नभएको , उत्पादन नभएको जस्ता कुनै पनि वहानामा किस्ता रकम रोक्न वा भुक्तानी रोक
पाउने छैन ।

२२. दोस्रो पक्षले उक्त जग्गामा गरेको कारोबारको आय र व्यय विद्यालयलाई वुझाउनु पर्ने छैन । तर प्रगति विवर
प्रतिवेदन अनिवार्य वुझाउनु पर्नेछ ।

२३. करार सम्झौता भएको यस जग्गा भित्र दोस्रो पक्षले निम्न अनुसारको अन्य व्यवसाय क्रियाकलाप संचालन ग
सक्ने छ ।

- प्रर्यटकीय रुपमा रिसोर्ट निर्माण गरी खाना , खाजा आराम गृह
- खेलमैदान
- एक वर्षे वा वहुवर्षे विरुवा रोपन
- नयाँ कोठा घर टहरा निर्माण
- अन्य पशुपंक्षी पालन

२४. जग्गा ठेक्का लिएको ठेकेदार / फर्मले उक्त जग्गामा कुनै तेस्रो व्यक्ति वा निकाय, ठेकेदारलाई आफ्नो अनुकुल
भाडामा दिन सक्ने छ । तर त्यसरी भाडामा दिंदा दोस्रो पक्ष संग भएको सम्झौतामा कुनै फेरवदल गर्न पाउने छैन र
जग्गा भाडामा दिंदा दोस्रो पक्षले प्रथम पक्ष संग अनुमति लिनुपर्ने छैन ।

२५. ठेक्का सदर हुने वाहेक अन्य निवेदकको धरौटी रकम सिलवन्दी निवेदन खोलेकै दिन फिर्ता गरिने छ ।

**प्राप्त गोप्य खामवन्दी निवेदन म्याद समाप्त हुने अन्तिम दिन सोमवार दिउँसो २:३० वजे विद्यालयमा खोलिने छ ।**

नोट : विद्यालयको खाता रहेको बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक
खाता नं : ३०८०१००००४८४००१

थप जानकारीका लागी सर्म्पक नं. ९८०५४०५६८२ (प्र.अ) ९८०४४३२२८४ (अध्यक्ष)

प्रधानाध्यापक
हसनापुर मा.वि.
रमेश कुमार ...